१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०




### भारतबाट निजी गाडीमा लागूऔषध ओसार पसार

# २०० ग्राम ब्राउनसुगरसहित चार कारोबारी पक्राउ

झापा(प्रस) । निजी गाडीमा भारतबाट लागूऔषध ओसार पसार गर्ने चारजना कारोबारी फेरि पक्राउ परेका छन् ।

बुधवार दिउँसो २ बजे गोप्य सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी निरीक्षक लोककृष्ण दाहालको कमाण्डमा रहेको टोलीले भद्रपर नगरपालिका वडा नं ७ आनी मार्गमा बा.प्र. ०१-०२५च ०८७७ नं. को हुन्डाई कम्पनीको क्रेटा कारलाई रोकेर चेकजाँच गर्दा २०० ग्राम ३९० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । सो लागूऔषधसहित प्रहरीले नुवाकोट बेलकोटगढी नगरपालिका वडा नम्बर १३ बस्ने वर्ष ३१ का साजन तामाङ , बेलकोटगढी नगरपालिका वडा नम्बर १ बस्ने वर्ष २० का सजिन लामा , बेलकोटगढी नगरपालिका वडा नम्बर १३ बस्ने वर्ष ३३ का दिपेश लामा र बेलकोटगढी नगरपालिका वडा नम्बर १ बस्ने वर्ष २३ का राम तामाङलाई पक्राउ गरेको हो ।



उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा बुधवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको छ ।

लागूऔषध नियन्त्रण ऐन २०३३ बमोजिम कसूरको अनुसन्धानको लागि बुधवार नै जिल्ला अदालत झापामा उपस्थित गराइ सात दिनको म्याद थप भई जिल्ला प्रहरी कार्यालय झापाबाट अनुसन्धान तथा कारवाही भैरहेको प्रहरी उपरीक्षक राजन लिम्बूले बताए ।

यसअघि असार ७ गते बा प्र ०१-०३० से ७७९३ नं. को नेटा इभीमा ४७ ग्राम ६९० मिलिग्राम लागूऔषध ब्राउनसुगर ल्याउँदै गरेको अवस्थामा काठमाण्डौ वडा २६ बस्ने वर्ष २४ का निवेश कुँवर र लम्जुङ कोलासोतार वडा नं. ७ बस्ने वर्ष २२ की नोजिना रानालाई कारसहित नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको छ। त्यस्तै गत बैशाख ३१ गते गौरीगंज गाउँपालिका वडा नं. ३ गौरीगंज बजारबाट लागूऔषध कारोबारमा संलग्न दमकका भुपेन्द्र राई, भारत बस्ने भोला ठाकुर र मोनाजिर आलमलाई १०० ग्राम ०९० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिइएको थियो । उनीहरुले सो अवैध कार्यका लागि ना. १ च ९१६२ नम्बरको हुन्डाई १०० कार र भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग गरेका थिए ।

पछिल्लो समयमा निजी गाडीको प्रयोग गरी जिल्लाका खुला नाकाहरूबाट ब्राउनसुगरको कारोबार भइरहेको प्रहरी उपरीक्षक लिम्बूले बताए। दुई महिनाको अवधिका तीन वटा कार प्रयोग गरिएको घटना घटिसकेको बताउँदै लिम्बूले भने, 'कारोबारीहरू गाडी चढेर ब्राउनसुगर लिन सीमावर्ती बजारसम्म आउने, खरिद गर्ने अनि लिएर पहाडी जिल्लातर्फ लैजाने गरेको अनुसन्धानको क्रममा खुलेको छ।' जिल्लाभन्दा पनि जिल्लाबाहिरबाट लागूऔषध लिन कारोबारी आइरहेकोले त्यसतर्फ प्रहरीले सक्रियता बढाएको उनको भनाइ छ। प्रहरीको त्रिवर्षीय तथ्यांक अनुसार ब्राउनसुगर बरामद घटना बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७९/०८० मा एक हजार ५५८ ग्राम ४५९ मिलिग्राम, २०८०-०८१ मा दुई हजार १७४ ग्राम १९५ मिलिग्राम र चालु आर्थिक वर्षको असार ११ सम्म दुई हजार ५ ग्राम १६५ मिलिग्राम ब्राउन सुगर बरामद गरिसकेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक खगेन्द्र खड्काले बताए ।

## झापामा लागूऔषधसहित फेरि दुईजना पक्राउ

झापा(प्रस) । ठूलो परिमाणमा लागूऔषधसहित चारजना कारोबारी पक्राउ परेको झापामा फेरि दुईजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बुधवार दिउँसो ३.३० बजे भद्रपुर वडा न.५ पोखरी टोलमा वडा प्रहरी कार्यालय भद्रपुर र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म भद्रपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै



गरेका पैदलयात्री सुनसरी रामधुनी . वडा न. ८ बस्ने १८ वर्षीय लक्ष्मण सार्की र बराहक्षेत्र वडा न. ७ बस्ने १८ वर्षकै आनन्द मगरलाई शंका लागेर चेकजाँच गरेको थियो । त्यसक्रममा प्लाष्टिकको पोका पारी लुकाई छिपाई ल्याउँदै गरेको प्लाष्टिकसहित ६ ग्राम ३२ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुबै जनालाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको छ । थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाउने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## मोरङ कारागारका दुईजना कैदीको मृत्यु



झापा(प्रस) । मोरङ कारागारका दुईजना कैदीको मृत्यु भएको छ । ज्यान मार्ने उद्योग र ज्यान सम्बन्धी कसूर र लागूऔषध कसूरमा कैदी जीवन बिताइरहेका दुई जना कैदीको मृत्यु भएको हो । ज्यान मार्ने उद्योग र ज्यान सम्बन्धी कसूर मुद्दाका कैदी मोरङ मिक्लाजुङ ६ बस्ने २९ वर्षीय संजय तामाङको स्वास प्रश्वासमा समस्या भएपछि असार १ गते कोशी अस्पतालमा लगि उपचार भइरहेको थियो । थप उपचारको लागि असार ५ गते उनलाई नोबेल अस्पतालमा लगिएको थियो । बुधवार पुनः कोशी अस्पतालमा ल्याएकोमा साँझ डाक्टरले मृत घोषणा गरेका थिए । उनले २०७८ भदौ ४ गतेबाट २५ बर्ष कैद र रु. २ हजार ८०० रुपैयाँ जरिवाना तोकि कैद भुक्तान गरिरहेका थिए ।

त्यस्तै लागूऔषध कसूरमा कैदी जीवन बिताइरहेका सुनवर्षी नगरपालिका वडा नं २ बस्ने २४ वर्षीय उमेश दर्जीको उपचारका क्रममा मृत्यु भएको छ ।

ज्वरो आउने, दुवै खुट्टा सुन्निने समस्या भएपछि उनलाई गत जेठ ३० गते कोशी अस्पताल बिराटनगरमा भर्ना गरिएको थियो । थप उपचारको लागि असार ३ गते साँझ ७;३० बजे बिराट टिचिङ अस्पताल गंगाचोकमा लगि भर्ना गरी उपचार भइरहेकोमा मंगलवार साँझ ७;५५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।
लागूऔषध कसूरमा गत पुष ४ गतेबाट ५ बर्ष २ महिना र ७ हजार रुपैयाँ जरिवाना तोकी उनले कैद भुक्तान गरिरहेका थिए ।

## अरुण नदीमा डुबेर दुई बालिका बेपत्ता

झापा(प्रस)। अरुण नदीमा नुहाउने क्रममा भोजपुरका दुई बालिका बेपत्ता भएका छन् । बुधवार दिउँसो ४;३० बजे भोजपुर हतुवागढी गाउँपालिका .९ मचुवास्थित अरुण नदीमा सोही ठाउँ बस्ने डम्बर राईकी छोरी वर्ष १२ की कृषिका राई र देवराज राईकी छोरी वर्ष १२ की खुशी राई अरुण नदीमा नुहाउने क्रममा पानीमा डुबेर बेपत्ता भएका हुन् । वडा अध्यक्ष संजाल राईले साँझ ६;५० बजे प्रहरी चौकी हसनपुरमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएर खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

## हल्दिवारीमा डुबेर वृद्धको मृत्यु

झापा(प्रस) ।झापाको हल्दिवारीमा डुबेर एक वृद्धको मृत्यु भएको छ ।




बुधवार साँझ अन्दाजी ६:३० बजे हल्दिबारी गाउँपालिका वडा नं. ४ स्थित दक्षिणतर्फ अधिकारी चोक जाने बाटोमा रहेको कल्भर्टभित्र सोही क्षेत्रका करिब ६० बर्षका बुचु सन्थालको डुबेर मृत्यु भएको हो । उनी विगत ३०-४० वर्षदेखि सोही क्षेत्रमा जनमजदुरी गर्दै आएका थिए । स्थानीयले प्रहरीलाई जानकारी दिनासाथ प्रहरी टोली गएर घटनास्थल सुरक्षित राखेको र आवश्यक प्रकृया गरिरहेको प्रहरीले जनाएको छ ।

### बिर्तामोडकी अर्की महिलालाई कोरोना

## एक महिनामा चारजना संक्रमित

बिर्तामोड(प्रस)। नयाँ भेरिएन्ट फैलिएयता झापा बिर्तामोडकी अर्की महिलालाई पनि कोरोना संक्रमण पुष्टि भएको छ। बुधवार दिउँसो बिर्तामोड १ बस्ने ३५ वर्षीया महिला बिरामी भई बिर्तासिटी अस्पतालमा कोभिड चेक गराउँदा उनलाई पोजेटिभ देखिएको हो । ती महिलाई थप उपचारको लागि नोबेल अस्पताल बिराटनगर रेफर गरिएको छ। यसअघि पहिलो पटक गत जेठ ११ गते बिर्तामोड ५ की ५२ वर्षीया महिलालाई कोरोना संक्रमण पुष्टि भएको थियो । त्यसपछि पूर्वी नाका काँकरभिट्टा हुँदै नेपाल प्रवेश गरेका दोलखाका ४७ वर्षीय पुरुषलाई संक्रमण पुष्टि भएको थियो । त्यस्तै तीन दिनअघि मेचीनगर ९ का ४३ वर्षीय पुरुषलाई कोरोना देखिएको छ । नयाँ भेरिएन्ट फैलिएयता एक महिनाको अवधिमा झापामा चारजनालाई कोरोना संक्रमण पुष्टि भएको हो । नयाँ भेरिएन्ट फैलिएयता देशमै पहिलो पटक कोरोना संक्रमणबाट




इलामकी एक महिलाको मृत्यु भएको छ । सूर्योदय नगरपालिका वडा नं १० फिक्कल बस्ने ४९ वर्षीया महिलाको कोरोना संक्रमणबाट मृत्यु भएको हो । मंगलवार बिहान ६ बजे नोबेल शिक्षण अस्पताल बिराटनगरमा उपचारको क्रममा उनको मृत्यु भएको हो । ज्वरो आउने बिरामी भई स्थानीय अस्पतालमा उपचार गराउँदा ठिक नभएपछि दुई दिनअघि उनलाई बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा ल्याई सोमवार चेकजाँच गर्दा कोरोना पोजेटिभ देखिएको थियो । त्यसपछि थप उपचारको लागि उनलाई विराटनगर लगिएको थियो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार पछिल्लो पटक २०८० साल वैशाख २१ गतेदेखि कोरोना सङ्क्रमणका कारण कसैको मृत्यु भएको थिएन । महाशाखाको तथ्याङ्क अनुसार २४ घण्टामा सात जनामा कोरोना पुष्टि भएकोमध्ये एक जना सङ्क्रमितको मृत्यु भएको हो । नेपालमा पुषयता २५ जिल्लाबाट १८८ जनामा कोरोना पुष्टि भएका छन्। कोरोना सङ्क्रमण सबैभन्दा बढी बागमती प्रदेशमा १४७, कोशी प्रदेशमा आठ, मधेश प्रदेशमा पाँच, गण्डकी प्रदेशमा तीन र सुदूरपश्चिम प्रदेशमा २१ जना छन् ।




# झापामा सबैभन्दा बढी बजेट मेचीनगरको, कम हल्दिवारीको

झापा(प्रस) । झापाका १५ वटै पालिकाहरुले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमसहित बजेट ल्याएका छन् ।

जिल्लाका ८ नगरपालिका र ७ गाउँपालिकामध्ये सबैभन्दा ठूलो बजेट मेचीनगर नगरपालिकाले ल्याएको छ । मेचीनगरले १ अर्ब ८२ करोड ६ लाख ८६ हजार ४३९ रुपैयाँको बजेट ल्याएको हो । जिल्लाका ८ वटा नगरपालिकामध्ये सबैभन्दा कम बजेट कन्काई नगरपालिकाको रहेको छ। कन्काई नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ७० करोड ५९ लाख २५ हजार रुपैयाँको बजेट विनियोजन गरेको छ ।

गाउँपालिकामध्ये सबैभन्दा ठूलो बजेट कमल गाउँपालिकाको रहेको छ । कमलले ७२ करोड ८२ लाख १२ हजार ३६ रुपैयाँको बजेट ल्याएको हो । त्यस्तै सबैभन्दा कम बजेट हल्दिवारी गाउँपालिकाको ४९ करोड ७७ लाख ७१ हजार रुपैयाँ रहेको छ। केही पालिकाबाहेक अधिकांश पालिकाहरुले नीति तथा कार्यक्रम र बजेट पारित गरिसकेका छन् ।

झापाको १५ वटा स्थानीय तहले १३ अर्ब १८ करोड ६६ लाख १२ हजार ६९१ रुपैयाँको अनुमानित बजेट ल्याएका छन् । आगामी आर्थिक वर्ष २०८२/८३ का लागि जिल्लाका ८ नगरपालिका र ७ गाउँपालिकाले आ-आफ्नो सभामार्फत तुलनात्मक नीति,कार्यक्रम तथा बजेट ल्याएका हुन् ।

| क्र.स. | पालिकाको नाम | आ व २०८२/८३ को बजेट |
|---|---|---|
| १ | मेचीनगर नगरपालिका | १ अर्ब ८२ करोड ६ लाख ८६ हजार ४३९ |
| २ | बिर्तामोड नगरपालिका | १ अर्ब ५१ करोड ८३ लाख ८२ हजार |
| ३ | दमक नगरपालिका | १ अर्ब ४७ करोड |
| ४ | अर्जुनधारा नगरपालिका | ९५ करोड ९ लाख २१ हजार |
| ५ | शिवसताक्षी नगरपालिका | ९१ करोड ४२ लाख |
| ६ | गौरादह नगरपालिका | ८४ करोड ३४ लाख २२ हजार २८२ |
| ७ | भद्रपुर नगरपालिका | ८० करोड ५ लाख २८ हजार |
| ८ | कनकाई नगरपालिका | ७० करोड ५९ लाख २५ हजार |
| ९ | कचनकवल गाउँपालिका | ६६ करोड १९ लाख ७९ हजार ५३० |
| १० | बाह्रदशी गाउँपालिका | ५५ करोड १८ लाख ३८ हजार ६०० |
| ११ | कमल गाउँपालिका | ७२ करोड १२लाख ८२ हजार ३६ |
| १२ | हल्दिवारी गाउँपालिका | ४९ करोड ७७ लाख ७१ हजार |
| १३ | बुद्धशान्ति गाउँपालिका | ६७ करोड ६७ लाख ३६ हजार ८०० |
| १४ | गौरीगञ्ज गाउँपालिका | ५३ करोड ८६ लाख ९६ हजार ४४० |
| १५ | झापा गाउँपालिका | ५१ करोड ४२ लाख ४३ हजार ५६४ |

# माधव नेपाललाई ३५ लाख धरौटीमा छाड्न आदेश



झापा(प्रस) । एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपाललाई ३५ लाख धरौटीमा छाड्न आदेश भएको छ। पताञ्जली जग्गा हिनामिना प्रकरणमा विशेष अदालतका न्यायाधीशहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले नेपाललाई ३५ लाख धरौटीमा छाड्न आदेश दिएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली जग्गा हिनामिना प्रकरणमा नेपाल ९३ जनाविरुद्ध गत जेठ २२ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो। पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनाविरुद्ध १८ करोड ५८ लाख ५० हजार बिगो माग गरिएको छ।

सोही मुद्दाका लागि बयान दिन अध्यक्ष नेपाल बुधबार अदालतमा उपस्थित भएका थिए। उनको बयानसँगै थुनछेक बहस पनि भएको थियो। अख्तियारको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता सुशील पन्तले नेपाललाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने राय राखेका थिए। त्यस्तै नेपालका तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, गोविन्द बन्दी, खम्बबहादुर खातीलगायतले बहस गरेका थिए। उनीहरूले बोलाएको बेला आफैं उपस्थित हुनेगरी रिहा गर्नुपर्ने राय पेस थिए।

२०६६ माघ १८ मा नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जलीलाई आयुर्वेदिक विश्वविद्यालयको नाममा सञ्चालन गर्न काभ्रेमा हदबन्दी छुटमा ८ सय १५ रोपनी जग्गा किन्न स्वीकृति दिएको थियो। तर, पछि हदबन्दीभन्दा बढी कानुनविपरीत जग्गा बिक्री गरेको भन्दै उजुरी परेपछि अख्तियारले यसबारे अनुसन्धान अघि बढाएको थियो। अख्तियारले भ्रष्टाचार मुद्दा दायर भएसँगै एकीकृत समाजवादीका सांसद नेपालको पद निलम्बनमा परेको छ।

पतञ्जली योग पीठ तथा आयूर्वेद कम्पनी नेपालले गैरकानूनी तवरबाट प्राप्त गरेको हदभन्दा बढी जग्गा भूमि सम्बन्धी ऐन,२०२१ को दफा ११ बमोजिम जफत तथा सरकारी सार्वजनिक कायम हुने जग्गा बेचविखन तथा सट्टापट्टा सम्बन्धी प्रस्ताव नेपाल नेतृत्वको मन्त्रिपरिषद्मा ठाडो प्रस्तावको रुपमा पेश गरे गराएको देखिएको अख्तियारको दावी छ।

# शिक्षासेवी प्रसाईको स्मृतिमा राहत कोषमा सहयोग

झापा, असार ११ । झापाका अग्रज शिक्षासेवीका रुपमा परिचित हुन् हरिकुमार प्रसाई । बिर्तामोड- ५ मा रहेको न्यूटन्स एजुकेशन एकाडेमी र एभरेष्ट स्मार्ट स्कूलका संस्थापक प्रिन्सिपलका रुपमा रहेका प्रसाईको तीन वर्षअघि निधन भएको थियो ।

उनको स्मृतिमा विद्यालयका तर्फबाट बिर्तामोड उद्योग वााणिज्य संघले स्थापना गरेको ' व्यवसायी सदस्य राहत कोष'का लागि बुधवार विद्यालयका प्रिन्सिपल देवेन्द्र हुमागाईले ५१ हजार रुपैयाँ सहयोग गरेका छन् ।




बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालयमा आयोजित कार्यक्रमका बीच प्रिन्सिपल हुमागाईले संघका अध्यक्ष राजु न्यौपानेलाई चेक हस्तान्तरण गर्दै संघले अत्यन्त राम्रो काम गरेको र आगामी दिनमा समेत बिर्तामोड उद्योग वाणिज्य संघसंग न्यूटन्स स्कूल सहकार्य गर्न तयार रहेको बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा कोषका संयोजक राजकुमार घिमिरे 'राजु' , उपाध्यक्षद्वय जीवन खड्का, विशाल थापासहित संघका पदाधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा विद्यालयका प्रिन्सिपल हुमागाईसहित विद्यालयका प्लसटु कोअर्डिनेटर केवल सापकोटा, सहइन्चार्ज (प्रावि सेक्सन)अनिल राई, वबालक्लव संयोजक नेत्रप्रसाद निरौला, कोअर्डिनेटर (प्रि प्राइमरी) सावित्रा चापागाँई,लजिस्टिक अफिसर केशव पोखरेल, लेखा शाखाका कर्मचारी ववना भट्टराई , स्वास्थ्य शाखा इन्चार्ज सुनिता लिम्बूको उपस्थिति रहेको थियो ।

बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले संचालन गरेको कार्यक्रममा संघले स्थापना गरेको एक करोड रुपैयाँको व्यवसायी सदस्य राहत कोष वृद्धिका लागि सहयोग पुऱ्याएको भन्दै विद्यालयलाई कदरपत्र प्रदान गरिएको थियो ।

# दशबुँदे घोषणापत्र जारी

झापा । जनकपुरधाममा प्रथम राष्ट्रिय शिक्षा सम्मेलन २०८२ दशबुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

मधेश प्रदेश शिक्षा नीति २०८१ को कार्यान्वयनका लागि आवश्यक स्रोत तथा पूर्वाधारको निर्माण, विद्यालय बाहिर भएका बालबालिकालाई विद्यालय ल्याई सीपयुक्त शिक्षा दिएर आत्मनिर्भर बनाउन सहकार्य गर्ने घोषणापत्रमा उल्लेख छ।

मधेश प्रदेशमा स्थापना भएको विश्वविद्यालयको सबलीकरणका पूर्वाधार निर्माण अनुसन्धान जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि आवश्यक सहयोग गरिने भएको छ। शैक्षिक संस्थाहरूलाई व्यवस्थित र सशक्त बनाउन आवश्यक सहयोग गरिने घोषणापत्रमा उल्लेख रहेको छ। समापन कार्यक्रममा मधेशकी शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले दुईदिने राष्ट्रिय शिक्षा सम्मेलन महत्त्वपूर्ण भएको बताइन्।

# ६२ लाख ठगी आरोपमा युवक पक्राउ

झापा । सामाजिक सञ्जाल फेसबुकमार्फत ६२ लाख ७५ हजार २०० रुपियाँ ठगी गरेका युवकलाई प्रहरीले नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरेको छ । सुनसरीको देवानगञ्ज गाउँपालिका-१ का २० वर्षीय कुशेश्वर मेहतालाई प्रहरीले पक्राउ गरेको छ ।

उनले 'भानिदा सुवन' नामको नक्कली फेसबुक आइडी बनाइ आफूलाई 'फुइङ भानिदा' नामक थाइल्याण्डको नागरिक सिएम कमर्सियल बैंकका मेनेजर भएको परिचय दिँदै आएका थिए । उनले आफ्नो परिचय दिँदै एलेन अर्बी शाही नामक व्यक्तिको सो बैंकमा खाता रहेको, निजको कोही पनि नातेदार नभएको र पीडित कुर्मराज शाहीको जात मिल्ने भएकाले सो खातामा रहेको सम्पूर्ण रकम तपाईंको नाममा राखिदिन्छु भनी झुट्टा प्रलोभन देखाउँदै रकम ठगी गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिए । प्रवक्ता खतिवडाका अनुसार उक्त प्रलोभनमा परी पीडित कुर्मराज शाहीले विभिन्न मितिमा मेहताको नाममा रहेको बैंक खातामा जम्मा रु ६२ लाख ७५ हजार २०० पठाएका थिए । अनुसन्धानका क्रममा पीडितलाई झुटो विश्वास दिलाइ ठगी गरिएको पुष्टि भएको प्रवक्ता खतिवडाले बताए ।लामो समयदेखि फरार रहेका मेहतालाई जिल्ला प्रहरी कार्यालयको टोलीले मङ्गलबार साँझ सुनसरीको कोशी गाउँपालिका-८ भण्टाबारीस्थित नेपाल-भारत सीमा क्षेत्र नजिकै लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको जनाइएको छ । प्रवक्ता खतिवडाका अनुसार पक्राउ परेका मेहतालाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो भोटाहिटी, काठमाडौं पठाइएको छ ।

# एकैपटक १३ नेपालीलाई मलेसियाले गऱ्यो निष्कासन

झापा । वैदेशिक रोजगारको प्रमुख गन्तव्य रहेको मलेसियाले नेपालीमाथि ठूलो धरपकड गरेको छ। अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा मलेसिया सरकारले नेपालीमाथि धरपकड गरेको हो।



स्रोतका अनुसार मलेसियाको अध्यागमनले एकैपटक १३ जना नेपालीलाई निष्कासन गरेको छ। उनीहरूलाई यसै साता हिमालय एयरलाइन्स र मालिन्दो एयरलाइन्सको फ्लाइटबाट काठमाडौं फर्काइएको हो।

निष्कासनमा पर्नेमा ओमबहादुर खान, नारायणबहादुर खत्री, सञ्जिव गिरी, अजयकुमार यादव, नवराज तिमल्सिना, वीरबहादुर शाही, रमेशकुमार सिंह, धर्मराज राई, शान्तबहादुर तामाङ, भीमबहादु कुमाल, पूर्णबहादुर पुन, प्रेमकुमार मगर र छमबहादुर विश्वकर्मा रहेका छन्।

वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा लाखौं नेपालीहरू कार्यरत छन्। कोही भिसा प्रक्रिया मिलाएर त्यहाँ पुगेका छन् भने कोही दलालकोप्रलोभनमा परेर पनि मलेसिया पुगेका छन्। कतिपय नेपालीहरू राम्रो कामको खोजीमा कम्पनी छाडेर पनि जाने गरेको त्यहाँका नेपालीहरूले बताएका छन्। गैरकानुनी रूपमा बसोबास गर्ने नेपालीहरू नै अध्यागमनको टार्गेटमा पर्ने गरेको उनीहरूको भनाइ छ।

यसअघि पनि मलेसियाले गैरकानुनी रूपमा बसोबास गर्ने नेपालीहरूलाई निष्कासन गर्दै आएको छ। गत चैतमा मलेसियाले एकैपटक २६ जना नेपालीलाई निष्कासन गरेको थियो।

असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

NMC-COOP

**प्रधान कार्यालय, मेचीनगर-६, काँकरभिट्टा**

**सूचीकरणका लागि आवेदन आह्वान**

**प्रथमपटक प्रकाशित मिति : २०८२।३।११**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी) को कर्पोरेट कार्यालय तथा संस्थाद्वारा सञ्चालित विभिन्न व्यवसायहरुका लागि आर्थिक वर्ष २०८२।०८३ मा तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु उपलब्ध गराउने व्यक्ति, फर्म वा कम्पनीहरुले संस्थामा सूचीकरणका लागि आवश्यक कागजात सहित निवेदन पेस गर्नहुन यो सूचना आह्वान गरिएको छ ।

सूचीकृत हुने क्षेत्रहरु :

१. **सूचना तथा सञ्चार सेवाहरु :** छापा मिडिया, एफएम, अनलाइन, टिभी साथै विज्ञापन एजेन्सीसँग सम्बन्धित कार्यहरु
२. **मसलन्द सामग्री बिक्री तथा छपाई :** संस्थाका लागि आवश्यक मसलन्द सामग्री बिक्री तथा छपाई सँग सम्बन्धित कार्यहरु
३. **इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामग्री :** संस्थालाई आवश्यक पर्ने कप्युटर, प्रिन्टर, इनभर्टर, बेट्रि जस्ता इलेक्ट्रोनिक तथा अन्य इलेक्ट्रिकल्स सामाग्रीहरु
४. **फर्निचर सामग्री आपूर्ति तथा निर्माणकर्ता :** संस्थाका लागि चियर, रिभल्भिङ चियर तथा अन्य तयारी फर्निचर सामग्री, आलमुनियम पार्टेशन, प्लाइ बोर्ड पार्टेशन र अन्य इन्टेरियर कार्यहरु
५. **फ्लेक्स प्रिन्ट तथा डिजिटल बोर्ड :** संस्थाका लागि आवश्यक फ्लेक्स प्रिन्ट तथा डिजिटल बोर्ड प्रयोजनार्थ सूचीकरण तथा नवीकरणका लागि आह्वान गरिन्छ ।
६. **विमा सम्बन्धी सेवाहरु :** नगद विमा, भवन विमा, स्टक विमा, सवारी विमा, बचतकर्ता विमा, कर्जा विमा तथा सामुहिक विमा सम्बन्धी सेवाहरु
७. **कृषि औजार तथा सामग्री :** संस्था अन्तर्गत सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक कृषिजन्य सामग्रीहरु जस्तैः मल, बिउबिजन, मल्चिङ प्लाष्टिक, प्लाष्टिक ट्रे, च्याउको बिउ, औषधि तथा विषादी, गाई, माछा र हाँसको दाना, कोकोपिट, साइलेज प्लाष्टिक सप्लाई गर्ने सप्लायर्सहरुलाई सूचीकृतका लागि आह्वान गरिन्छ ।
८. **फायर एक्सटिङग्युसर उपकरण :** संस्था अन्तर्गत सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक फायर एक्सटिङग्युसर उपकरण सप्लायर्सहरुलाई सूचीकृतका लागि आह्वान गरिन्छ ।
९. **होटल सूचीकरण :** यस संस्थाको आन्तरिक प्रयोजन तथा बाह्यबाट पाल्नुहुने आगन्तुकहरुलाई बस्न तथा खानाका लागि झापाको काँकरभिट्टा तथा बिर्तामोड क्षेत्रमा रेष्टुरेन्ट तथा लज सम्बन्धी सेवाहरु
१०. **पेट्रोल पम्प सूचीकरण :** संस्था अन्तर्गत सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक पर्ने इन्धनका लागि पेट्रोल पम्पहरुलाई सूचीकृतका लागि आह्वान गरिन्छ ।
११. **सवारीसाधन बिक्रेता :** चारचक्के, हल्का सवारी साधन बिक्रेताबाट सूचीकरणका लागि निवेदन आह्वान गरिन्छ ।

पुनश्च :

१. माथि उल्लिखित बस्तु तथा सेवासँग सम्बन्धित सूचीकरणका लागि आफुले उपलब्ध गराउने सेवाहरुको विस्तृत विवरण सहित सुचिकरणका लागि निवेदन, व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण प्रमाणपत्र र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र को प्रतिलिपि संलग्न राखी संस्थाको कर्पोरेट कार्यालय मेचीनगर-६, काँकरभिट्टा मा दर्ता गर्न सकिनेछ वा संस्थाको आधिकारीक इमेल ठेगाना : corporateoffice@nmc.coop.np पठाउन सकिनेछ ।
२. संस्थाले उल्लेखित बस्तु तथा सेवा खरिद गर्दा सूचीकृत भएका फर्म तथा कम्पनीलाई कोटेशन सम्बन्धि इमेल पठाइनेछ
३. सूचीकरण लागि आवेदन पेस गर्ने अन्तिम मिति : २०८२ असार २६ विहिबार कार्यालय सम्म तोकिएको छ । थप जानकारीका लागि सम्पर्क : ९८५२६८९६५० (कर्पोरेट प्रशासन विभाग)

**- कर्पोरेट कार्यालय**

**बिर्तामोड नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

**सेवा प्रवाह बन्द हुने बारेको सूचना**

उपरोक्त विषयमा यही मिति २०८२ साल असार ०९ गते सोमबार बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको सातौं अधिवेशन हुने भएकाले मिति २०८२।०२।१६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उक्त दिन अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सेवा प्रवाह बन्द भएको कारणले सेवाग्राहीमा पर्न गएको असुविधा प्रति बिर्तामोड नगरपालिका क्षमाप्रार्थी छ ।

**सागर मिश्र**
**प्रमुख प्रशासकिय अधिकृत**

**प्लाष्टिक प्रयोगमा कटौती गरौं**

प्लास्टिक प्रयोगले:
- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदुषण हुन्छ,
- पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

त्यसैले,
- प्लास्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- प्लास्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,

"प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,
"वातावरणको संरक्षण गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# फेरि देखियो लम्पी स्कीन

पशु चौपायामा लाग्ने लम्पी स्कीनले दुई वर्षअघि महामारीको रुप लिएको थियो। त्यस वर्ष नियन्त्रणमा आएको गाईभैंसीमा लाग्ने लम्पी स्कीन रोग यस वर्ष फेरि देखिएको छ। पशु सेवा विभागले यो वर्षको हालसम्म तीन जिल्लामा लम्पी स्कीन रोग देखिएको बताएको छ। लामखुट्टे, झिगा र किर्नाको टोकाइबाट गाईभैंसीमा सर्ने यो रोगप्रति विशेष सजगता अपनाउन प्राविधिकहरुले सुझाएका छन्।

पशु सेवा विभागका अनुसार यस वर्ष झापा, इलाम, रुकुममा लम्पी स्कीन रोग देखिएको छ। झापामा धेरै चौपायामा लम्पी स्कीन रोगको पुष्टि भएको छ। त्यस्तै इलाममा एक वर्ष भन्दा कम उमेरमा बाच्छा बाच्छीमा रोग देखिएको छ। संक्रमण देखिएको क्षेत्रमा अनुगमन र निगरानी भइरहेको प्राविधिकहरुले बताएका छन्। गाईभैंसीमा उच्च ज्वरो आउने, दाना–पानी कम खाने र दूध उत्पादन घटाउने जस्ता लक्ष्य देखिएपछि परीक्षण गर्दा लम्पी स्कीन पुष्टि भएको हो। यस्ता लक्षण देखिएपछि पशुको शरीरमा घाउ आउने गर्दछ। योसँगै दुई वर्षअघिको जस्तै महामारीको रुप लिने हो कि भनेर किसान चिन्तित छन्।

यता पशुसेवा विभागले भने यस पटकको संक्रमणले महामारीको रुप नलिने दाबी गरेको छ। गाईभैंसीमा खोप लगाउने क्रम जारी रहेकाले लम्पी स्किनले महामारीको रुप नलिनेमा विभाग ढुक्क देखिएको हो। सरकारले खरिद गरेको १४ लाख डोज खोपमध्ये १० लाख डोज प्रदेशहरुमा पठाइसकेको र अति प्रभावित मानिएको कर्णाली प्रदेशका यस अघि प्रभावित जिल्लाका गाईभैंसीमा खोप लगाइसकिएको विभागको भनाइ छ।

लम्पि स्किन निकै संक्रामक रोग हो। लामखुट्टे, झिँगा र किर्नाको टोकाइबाट यो रोग सर्ने भएकाले गाईवस्तुमा जैविक सुरक्षा अपनाउनुपर्ने हुन्छ। संक्रमित पशु भएका गोठ अन्य पशुहरुको सम्पर्कबाट बाहिर राख्नुपर्छ।

२०७७ सालमा मोरङमा देखिएको लम्पी स्कीन रोग नियन्त्रणमा लिन नसक्दा साढे दुई वर्षको अवधिका किसानले ७४ अर्ब ६७ करोड रुपैयाँ भन्दा बढीको क्षति बेहोर्नुपरेको पशु चिकित्सा परिषद्ले गरेको अध्ययनले देखाएको थियो। लम्पी स्कीनलाई महामारी फैलिनबाट रोकौं। खोप अभियानलाई तीव्र बनाऔं।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सार्वजनिक वित्तीय व्यवस्थापन सुधार



• गोपीनाथ मैनाली

राज्यव्यवस्था सञ्चालनमा स्रोतसाधनको परिचालन निकै संवेदनशील विषय हो। नागरिकका तर्फबाट राज्यलाई शासन सञ्चालनको अधिकार दिइसकेपछि आफ्ना आवश्यकता एवं अपेक्षा पूरा गर्न चाहिने सामर्थ्यका लागि नागरिकले आफ्नो गाँस काटेर कर दिएका हुन्छन्। नागरिक इच्छा प्रवर्धन गर्न खर्च गरिने साधन राज्यका संरचनाले नै प्रयोग गर्छन्। यस अर्थमा आफूले दिएका साधन आफ्ना आवश्यकता र अपेक्षाका क्षेत्रमा सही र स्वच्छ रूपमा उपयोग भएमा मात्र नागरिकका तर्फबाट राज्यमाथि विश्वास हुन्छ। राज्यले सम्पादन गर्ने यावत् कार्यको आधार पनि सार्वजनिक वित्त नै हो। त्यसैले सार्वजनिक वित्तीय व्यवस्थापनको विषय निकै महत्वपूर्ण रहेको हो। लोकतान्त्रिक मुलुक सार्वजनिक वित्तीय व्यवस्थापनलाई जनताप्रति जवाफदेही, विश्वासिलो र दिगो बनाउन लागिपरेका छन्। सार्वजनिक वित्तीय सुशासन समग्र सुशासनको केन्द्रमा रहेकाले पनि यसतर्फ प्राथमिकता रहेको हो।

सार्वजनिक वित्त व्यवस्थापन सरकारी साधनलाई अनुशासित बनाई नतिजामा पुऱ्याउन लक्षित हुन्छ। समष्टिगत वित्तीय अनुशासन, रणनीतिक प्राथमिकतामा साधन विनियोजन, कार्यसञ्चालन दक्षता र जवाफदेहिता मापन गर्न सफल भएपछि मात्र वित्त व्यवस्थापन प्रभावकारी भएको मानिन्छ। वित्त व्यवस्थापनमा सुधार गर्नु भनेको वित्तीय कारोबार व्यवस्थित गर्ने नीति, कानुन, कार्यविधि तथा मानदण्ड तर्जुमा, सबल संस्थागत क्षमता विकास, दक्ष जनशक्ति व्यवस्थापन र स्वचालित प्रणाली सञ्चालनको वातावरण हुनु हो। वित्तीय व्यवस्थापन चक्रीय तार्किक आबद्धतामा रहन्छ, जसमा वित्तीय नीति तर्जुमा, बजेट तर्जुमा, बजेट अनुमोदन, बजेट कार्यान्वयन, लेखाङ्कन र परीक्षणका क्रियाकलाप पर्छन्।

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनको विकास क्रम करिब सात दशकअघि बजेट प्रणालीको सुरुवातदेखि नै भएको हो। विसं १९७१ बाट लाल ढड्डाका नाममा कारोबारको लेखा राख्ने सामान्य काम सुरु भए पनि आम्दानी खर्च, कोष व्यवस्थापनका कार्य व्यक्तिगत तवरबाट राखिन्थ्यो र तामातुलसीका आधारमा धर्मलाई आड लिएर निकासा दिने गरिन्थ्यो। सरकारी कोषलाई राणा शासकले व्यक्तिगत सम्पत्ति जसरी सञ्चालन गर्दथे। जस्तो कि १९९० सालमा गएको भूकम्पबाट पीडितलाई राहतस्वरूप केही रकम वितरण गर्दा तत्कालीन श्री ३ महाराजले गरेको भन्ने जनताको तहमा समेत सन्देश गएको कुरा भीमबहादुर पाँडेको 'त्यस बखतको नेपाल' मा उल्लेख छ। २००८ सालमा पहिलो बजेट सार्वजनिक भएपछि हिसाब राख्ने र प्रतिवेदन गर्ने कार्य सुरु भयो। त्यति बेला सरकारी स्रेस्ता प्रणालीको नाममा कारोबारको हिसाब राखिन्थ्यो। तत्कालीन महालेखापालको कार्यालयले स्रेस्ता राख्ने र कारोबारको लेखा परीक्षण पनि यसै मातहतको कुमारीचोकबाट हुन्थ्यो। नेपाल अधिराज्यको संविधान, २०१५ जारी भएपछि प्रथम निर्वाचित सरकारका समयमा महालेखा परीक्षकको विभाग गठन भयो र लेखा राख्ने काम महालेखापालबाट र लेखा परीक्षण गर्ने काम महालेखा परीक्षकबाट हुने गरी विभाजन गरियो।

विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वको प्रथम निर्वाचित सरकारले लेखा प्रणाली सुधारका लागि केही कार्य अगाडि सार्‍यो। त्यस अवस्थामा बाह्य सहायताको प्रचलन सुरु भएको थियो तर लेखा प्रणाली दाताहरूको अपेक्षा पूरा गर्ने क्षमतामा थिएन। २०१७ मा लागु भएको भुक्तानी स्रेस्ता प्रणालीमा सुधार गर्न महालेखापाल लोकबहादुर विष्टको संयोजकत्वमा अर्थ मन्त्रालयको उपसचिव, अमेरिकी सहायता नियोगका प्रतिनिधि र विज्ञसमेत रहेको कार्यटोली गठन गरियो। यही कार्यटोलीको प्रतिवेदनका आधारमा आर्थिक वर्ष २०१९/२० बाट नयाँ स्रेस्ता प्रणाली लागु गरियो। नयाँ स्रेस्ता सुरु भएको झन्डै दुई दशकपछि २०३८ बाट अर्को प्रयास भयो विकेन्द्रित कोष प्रशासनका नाममा। यसअघि निकासा तथा आन्तरिक लेखा परीक्षण जस्ता महत्वपूर्ण कार्य केन्द्रमा रहेको महालेखा नियन्त्रक कार्यालयबाट गर्दा एकातर्फ प्रणालीको लागत बढी थियो भने अर्कोतर्फ विकास व्यवस्थापन र भुक्तानी कार्य धेरै झन्झटिलो थियो। जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्लामा नै निकासा, खर्च, राजस्व तथा जिन्सी परीक्षणका काम भएपछि वित्त व्यवस्थापनमा अर्को सफलता प्राप्त भयो।

शोधभर्नामा आधारित निकासालाई कार्यसम्पादनमा आधारित बनाउने र नगद व्यवस्थापन सबल बनाउने उद्देश्यमा नेपाल सरकारले २०५६ मा केन्द्रीकृत कोष सञ्चालन कारोबार गर्ने गरी एकीकृत कोष प्रणाली (सेन्ट्रलाइज्ड ट्रेजेरी सिस्टम) लागु गर्ने निर्णय गरेको थियो। यसले पूर्वलेखा परीक्षण, खाता सङ्ख्या कटौती, नगद व्यवस्था सुधार, प्रतिवेदन सहजता जस्ता कार्यमार्फत वित्तीय अनुशासनलाई लक्ष्य गरेको थियो तर जिल्लास्थित कोष कार्यालयबाट हुने भुक्तानी र परीक्षणको विषयमा महालेखा परीक्षकको विभाग तथा मन्त्रीहरू आश्वस्त भएनन्। प्रणाली निर्माण नभएको कारण लागु गर्न नसकिने भाष्य बन्यो। परिणामतः मन्त्रीपरिषद् बाट पारित निर्णय लागु भएन। एकीकृत कोष प्रणालीको आंशिक क्रियाकलाप समावेश गरी नौ वर्षपछि २०६५ बाट एकल खाता भुक्तानी प्रणाली लागु गरियो। यो पनि वित्त व्यवस्थापन सुधारमा अर्को कोसेढुङ्गा साबित भयो।

वित्तीय व्यवस्थापनमा उल्लेख्य सुधार २०७६/७७ मा हुन पुगे। सङ्घीयता अनुरूप वित्तीय सुशासन आवश्यक भएको समयमा यी प्रयास भएका थिए। त्यस समय मुलुक कोभिड-१९ ले आक्रान्त थियो, बन्दाबन्दीले सामान्य आवतजावत पनि असहज थियो। मनोत्रास र सङ्क्रमणले कर्मचारीहरू आइसोलेसनमा थिए, कार्यालयमा काम गर्ने अवस्थासमेत थिएन। यस अवस्थामा तत्कालीन महालेखा नियन्त्रकको नेतृत्वमा लेखा प्रणालीमा व्यापक सुधारका काम भए। २०७७ साउनबाट क्रियाकलापमा आधारित लेखा प्रणाली लागु भयो। यसले बजेट तर्जुमाका समयमा बजेट सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट क्रियाकलापलाई नै भुक्तानीको आधार बनाएर बजेट र लेखा प्रणालीलाई एक अर्काको पूरक भूमिकामा स्थापित गऱ्यो। २०७२ बाट बजेट व्यवस्था सूचना प्रणालीमार्फत क्रियाकलाप बजेटमा प्रस्ताव गर्ने गरिए पनि लेखा प्रणालीले त्यसलाई कार्याधारमा अपनाएको थिएन। यसपछि लेखा र बजेटबिचमा हुनुपर्ने प्रणालीगत सम्बन्ध स्थापित भएको छ। जुन नेपालको वित्तीय प्रणाली सुधारको अर्को कोसेढुङ्गा हो।

२०७७ बाट नै सम्पत्ति लेखा प्रणाली र भुक्तानीमा डिजिटल वालेट तथा अन्य डिजिटल संयन्त्रमार्फत भनिएको समयमा भुक्तानी हुने प्रणाली कार्यान्वयनमा ल्याउने काम भयो। सम्पत्ति व्यवस्थापन प्रणालीले राज्यसँग के कति सम्पत्ति छ, आर्जित सम्पत्ति कति छ भन्ने देखाउँछ। राजस्व, खर्च, धरौटी, अन्य कोषको हिसाब राख्ने प्रणाली भए पनि यसअघि सम्पत्ति लेखाङ्कन हुँदैनथ्यो, केवल कार्यालयका जिन्सी, त्यो पनि सङ्गठन तहमा मात्र हिसाब राखिन्थ्यो। अब नेपाल सरकारको सबै सम्पत्तिको एकीकृत र हिसाब तयार गर्न सकिने अवस्था छ। सबै निकायमा तालीम दिदै प्रणाली स्थापना गरिए पनि मन्त्रालयको अपनत्व लिई नसकेकाले सम्पत्ति लेखाङ्कनले पूर्णता पाएको छैन। डिजिटल वालेट र डिजिटल संयन्त्रमार्फत कारोबार हुने प्रणाली भने संस्थागत भएको छ।

आव २०७६/७७ बाट नै स्थानीय कोष व्यवस्थापन प्रणाली (सूत्र) लाई सुधार गर्ने र सबै तहका सरकारी निकायमा क्षमता विकासको कामसमेत हुन पुग्यो। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले निर्दिष्ट गरे अनुरूप कारोबारलाई डिजिटल विधिबाट गर्ने र विभिन्न निकायमा रहेको वित्तीय क्रियाकलापसम्बन्धी सफ्टवेयरलाई महालेखा नियन्त्रकले एकीकृत प्लेटफर्ममा ल्याउने कामसमेत भयो। यी सुधारका कार्यले भनिएको समयमा प्रणालीबाट विवरण लिन, कारोबार गर्न र प्रतिवेदन गर्न सकिने भएको छ। भविष्यमा लिनुपर्ने सुधार कार्यलाई समेत यसले सहज बनाएको छ। साथै सार्वजनिक कोषका सञ्चालकको हैसियतमा महालेखा नियन्त्रकले आन्तरिक नियन्त्रण प्रणालीका लागि मान्य सिद्धान्त र प्रचलनमा रहेका कुरासमेत समावेश गरी आन्तरिक नियन्त्रण दिग्दर्शन तयार गरेको छ। यसले लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिलाई आफू मातहतका नियकायमा वित्तीय नियन्त्रण गर्न सघाउँछ। नेपालको वित्तीय प्रणाली सुधारको प्रवृत्ति विश्लेषण गर्दा सुधारका दुई वटा प्रवृत्ति स्पष्ट देखिन आउँछ। पहिलो, सार्वजनिक सेवा वितरण र विकास निर्माणका काममा प्रभावकारिता ल्याउन निर्दिष्ट छ। दोस्रो, सार्वजनिक वित्तले दिगोपना गुमाउँदै गएकाले त्यसलाई लेखा प्रणालीको आयामबाट सुधार गर्न केन्द्रित छ। यी दुवै प्रवृत्ति आन्तरिक आवश्यकता र बाह्य असल अभ्यासबाट प्रभावित छन्।

विभिन्न आरोहअवरोह, परीक्षण र प्रयोगको सिलसिला पार गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली अत्याधुनिक चरणमा प्रवेश गरेको छ। वित्तीय व्यवस्थापनका सबै चरण परिमार्जित हुँदै आएका छन्। विनियोजनलाई तथ्यपरक बनाउन दीर्घकालीन सोच, आवधिक योजना, मध्यम अवधिको खर्च संरचना एवं आयोजना बैङ्कबिच अन्तरआबद्धता कायम गरिएका छन्। खर्च व्यवस्थापन सुधार गर्न नयाँ फाराम उपयोगमा छन् र म्यानुअल प्रणाली विस्थापित भई झन्डै स्वचालित रूपमा सञ्चालित छ। लेखामान अन्तर्राष्ट्रिय स्तर सापेक्ष छ। आव २०७६/७७ बाट लागु भएका सुधार कार्यले नेपालको वित्त व्यवस्थापन कुनै मुलुकभन्दा कमजोर छैन भन्ने देखिएको छ। यी सफलता गौरव गर्नलायक छन् तर तीन तहका सरकारका वित्तीय कारोबारलाई व्यवस्थित गरी एकीकृत वित्तीय विवरण भनिएको समयमा तर्जुमा गर्नु आफैँमा चुनौतीपूर्ण छ। यो चुनौती सामना गर्न प्रणालीभित्र व्यावसायिक सदाचारिताको निरन्तर समर्थन चाहिन्छ।

# मानवअधिकार संरक्षणमा सञ्चारमाध्यम



• डा. शशी मरासिनी

पत्रकारिता सूचना सम्प्रेषणको साधनमात्र नभई सामाजिक रूपान्तरणको महत्त्वपूर्ण आधार पनि हो। पत्रकारिताले जनतालाई मानवअधिकारका विषयमा सचेत तुल्याउँछ र दमन वा अत्याचारविरुद्ध आवाज उठाउँछ। स्वतन्त्र र निष्पक्ष मिडियाले मात्र सही सूचना प्रवाह गर्न सक्छ, जसले मानवअधिकार संरक्षणमा सहयोग पुऱ्याउँछ।

डिजिटल युगमा मिडियाले नयाँ चुनौती सामना गरिरहेछ। सामाजिक सञ्जालजस्ता माध्यमले जनतालाई सजिलो पहुँच उपलब्ध गराएको छ, तर गलत सूचना, घृणात्मक अभिव्यक्ति र निजी डाटा सुरक्षाको विषयमा चिन्ता पनि बढाएको छ। मिडियाको जिम्मेवारी र पारदर्शितालाई सुनिश्चित गर्दै यसको स्वतन्त्रता कायम राख्नुपर्छ। यसरी मात्र मिडियाले मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा प्रभावकारी रूपमा कार्य गर्न सक्छ। नेपालमा पछिल्ला केही वर्षयता गैरकानुनी थुनाबन्दी र प्रहरी हिरासतमा यातना दिने अभ्यास गम्भीर मानवअधिकार उल्लंघनका रूपमा देखा परेको छ। संविधान, मुलुकी अपराधसंहिता र अन्तर्राष्ट्रिय सन्धिहरूले यस्ता क्रियाकलापलाई कडाइका साथ निषेध गरेका छन्। व्यवहारमा भने कार्यान्वयन कमजोर छ। यसले नागरिकको स्वतन्त्रता र मानवअधिकारमाथि प्रत्यक्ष प्रहार गरेको छ।

सञ्चारमाध्यमहरूले गैरकानुनी थुनाबन्दीका घटना सार्वजनिक गरी जनचेतना अभिवृद्धि गर्ने र राज्य संयन्त्रको जवाफदेहितालाई बलियो बनाउने काम गर्छन्। जब सञ्चारमाध्यमले प्रहरी हिरासतमा शारीरिक एवं मानसिक यातना, जबरजस्ती बयान लिनेजस्ता अमानवीय व्यवहार उजागर गर्छन्, तब राज्यलाई कारबाही गर्न बाध्य तुल्याउँछ। पीडितका आवाजलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएर प्रहरी तथा सुरक्षाकर्मीहरूको मनोमानी व्यवहारमाथि प्रश्न उठाउँछन्। यसले मानवअधिकार आयोग र नागरिक समाजको दबाबलाई समेत बलियो बनाउँछ। सञ्चारमाध्यमहरूले मानवअधिकार उल्लंघनका घटनालाई तथ्यमा आधारित अनुसन्धानात्मक रिपोर्टिङमार्फत प्रस्तुत गर्दा मात्रै होइन, पीडितको न्यायमा पहुँच र पुनर्स्थापनामा समेत सघाउ पुऱ्याउन सक्छन्। यस्ता समाचारले नागरिकलाई कानुनी अधिकारबारे सचेत तुल्याउँछन् र प्रहरी संयन्त्रमा सुधारको खाँचो औंल्याउँछन्। अत : सत्य, निष्पक्ष र जिम्मेवार पत्रकारिताले मात्र गैरकानुनी थुनाबन्दीजस्ता गम्भीर मानवअधिकार उल्लंघनका घटनाको अन्त्य सम्भव हुन्छ। सञ्चारमाध्यम र नागरिक समाजको साझा प्रयासले मात्र मानवअधिकारको रक्षा र लोकतन्त्रको जगेर्ना सम्भव हुन्छ।

निरन्तर बढ्दै गैरकानुनी थुनाबन्दीका घटनाहरू : पछिल्ला पाँच वर्षमा नेपालमा गैरकानुनी थुनाबन्दीका घटनाहरू निरन्तर रूपमा बढ्दै गएको तथ्यांकले देखाउँछ। सन् २०१९ देखि २०२३ सम्मको अवधिमा इन्सेकका प्रतिवेदनहरूले गैरकानुनी थुनाबन्दीका घटना क्रमिक रूपमा ८० बाट ११७ पुगेको देखाउँछ। यो वृद्धिले सुरक्षा निकायहरूमा उत्तरदायित्वको अभाव र कानुनी प्रावधानहरूको कमजोर कार्यान्वयनको संकेत गर्छ। यातना र दुर्व्यवहारका घटना पनि प्रहरी हिरासतमा बढेको पाइन्छ, यसले नेपालमा मानवअधिकारको अवस्था गम्भीर चुनौतीको रूपमा रहेको पुष्टि गर्छ।

एड्भोकेसी फोरम नेपालका प्रतिवेदनहरूले प्रहरी हिरासतमा विशेष रूपमा किशोर र महिलाहरूलाई उच्च दरमा यातना र दुर्व्यवहारको सामना गर्नु परेको देखाएका छन्। सन् २०२० मा १,००५ थुनुवामध्ये १९.८ प्रतिशतले यातना अनुभव गरेको बताएका थिए। सन् २०२३ मा १,८४५ थुनुवामध्ये ५.५ प्रतिशतले यस्तो अनुभव गरे। यद्यपि प्रतिशतको हिसाबले सुधार देखिए पनि थुनुवाको कुल संख्या दोब्बर भएको हुँदा पीडितको संख्या अझै उल्लेख्य छ। यसले प्रहरी हिरासतमा सुरक्षित वातावरणको सुनिश्चितता अझै चुनौतीपूर्ण रहेको संकेत गर्छ।

कमजोर अनुगमन : न्यायिक निकायको अनुगमन क्षमतामा पनि समस्या देखिएको छ। राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनहरू अनुसार, पाँच वर्षमा गैरकानुनी थुनाबन्दीसम्बन्धी उजुरी, अनुसन्धान र कारबाही सिफारिस क्रमश : बढेको देखिए पनि कार्यान्वयन दर स्थायीरूपमा १५ प्रतिशतमा सीमित छ। यो स्थितिले पीडितहरूलाई न्याय प्राप्तिमा कठिनाइ भएको मात्र होइन, दोषीलाई कारबाहीको डर नलाग्ने दण्डहीनताको वातावरण पनि सिर्जना गरेको छ। यसले राज्य संयन्त्रका संरचनागत कमजोरी र अनुगमनको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गर्छ। स्रोतहरूको विश्लेषणले आर्थिक रूपमा कमजोर, सीमान्तकृत समुदायहरू, जातीय अल्पसंख्यक, महिला र किशोरजस्ता संवेदनशील समूहहरू बढी प्रभावित भएको देखाउँछ। हिरासत केन्द्रहरूमा अत्यधिक भीडभाड, आधारभूत सुविधाको अभाव र स्वास्थ्य सेवाको कमीले पनि गैरकानुनी थुनाबन्दी र दुर्व्यवहारको जोखिम बढाएको छ। यसले नेपालको मानवअधिकारको अवस्था सुधार्न संरचनागत सुधार र संसाधनको उचित व्यवस्थापनको खाँचो देखाउँछ।

कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन : कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन, स्वतन्त्र अनुसन्धान संयन्त्रको स्थापना, प्रहरी र जेल प्रशासनमा मानवअधिकारमैत्री प्रशिक्षण, पीडितको क्षतिपूर्ति र पुनर्स्थापना र नियमित तथा स्वतन्त्र निगरानी अनिवार्य आवश्यकता बनेको छ। यस्ता सुधारात्मक कदमहरूले मात्र नेपालमा गैरकानुनी थुनाबन्दी र हिरासतमा हुने यातना अन्त्य गर्न मद्दत गर्नेछन्। मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा राज्य, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबीचको समन्वय अपरिहार्य छ। नेपालमा द्वन्द्वकालीन समयमा भएका मानवअधिकार उल्लंघनहरूका घटनाहरू न्यायको खोजी गर्नेका लागि चुनौतीपूर्ण छ। कर्नेल कुमार लामाविरुद्धको मुद्दा र जनक राउत तथा युवराज गिरीका घटनाहरू यस सन्दर्भमा उदाहरणीय छन्।

कर्नेल कुमार लामाले जनक राउत र कराम हुसेनलाई यातना दिएको आरोपमा बेलायतमा पक्राउ परेका थिए। युनिभर्सल जुरिस्डिक्सनन्तर्गत बेलायती अदालतमा मुद्दा चले पनि प्रमाण अभावका कारण अन्तत : उनी मुक्त भए। यो मुद्दाले देखायो कि जब कुनै देशको न्याय प्रणाली असफल हुन्छ, तब अन्तर्राष्ट्रिय हस्तक्षेप अपरिहार्य हुन्छ। जनक राउत एक स्वास्थ्यकर्मी थिए, जसले हिरासतमा यातना र अमानवीय व्यवहारको सामना गरेका थिए। उनले नेपालमा न्याय नपाएर बेलायतमा मुद्दा दायर गरेका थिए। यस घटनाले नेपालको कमजोर न्याय प्रणाली र दण्डहीनताको संस्कृतिलाई उजागर गऱ्यो। युवराज गिरीको घटनाले पनि नेपालमा द्वन्द्वकालीन समयमा गैरकानुनी गिरफ्तार, यातना र बेपत्ता पार्ने अभ्यास देखाउँछ। उनले संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिमा उजुरी दिएका थिए र समितिले नेपाल सरकारलाई दोषी ठहर गऱ्यो। तर, सरकारले पूर्णरूपमा समितिको निर्देशन कार्यान्वयन गरेको छैन।

निष्कर्ष : नेपालमा पीडितहरूले न्याय नपाउँदा अन्तर्राष्ट्रिय हस्तक्षेपको आवश्यकता पर्छ। अन्तर्राष्ट्रिय न्यायको पहुँच सुनिश्चित गर्ने माध्यम बनेको छ। नेपालको संक्रमणकालीन न्याय प्रक्रिया कमजोर देखिएको छ। पीडितहरूलाई क्षतिपूर्ति, पुनर्स्थापना र न्यायको सुनिश्चितता अनिवार्य छ। राज्यले मानवअधिकार उल्लंघनविरुद्ध शून्य सहनशीलता अपनाउनुपर्छ। यी घटनाहरूले देखाउँछन् कि नेपालमा द्वन्द्वकालीन समयमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरू अझैसम्म न्यायको प्रतीक्षामा छन्।

र, अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुसार सुधार र न्यायको आवश्यकता छ। नेपालमा गैरकानुनी थुनाबन्दी र हिरासतमा यातना जस्ता गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरू निरन्तर देखिनु राज्य संयन्त्रको कमजोर कार्यान्वयन र दण्डहीनताको संस्कृतिको प्रत्यक्ष प्रमाण हो। कानुनी प्रावधान र अन्तर्राष्ट्रिय सन्धिहरूको कडाइका साथ पालना नहुनाले पीडितहरूको न्यायमा पहुँच अझै अवरुद्ध छ।

# यसकारण बिकेन चैते धान

झापा । नेपालले मुख्य खाद्य बाली धानमा आत्मनिर्भर बन्ने अठोट गर्दै आएको छ। जसअनुसार सरकारले धानको प्रवर्द्धन गर्न, खेती हुने क्षेत्रफलसँगै उत्पादन बढाउने र किसानले उत्पादन गरेका धानको बजार सुनिश्चित गर्ने प्रयास गरिरहेको जनाएको छ।

विज्ञहरूले विशेषगरी चैते धान हुने क्षेत्रफल बढाएर धानमा आत्मनिर्भर बन्नेतर्फ अग्रसर हुन सकिने बताउँदै आएका छन्। वर्षे धानको तुलनामा चैते धान धेरै फल्छ। उत्पादकत्व बढी हुने भएकाले नेपालमा वर्षेनि हुने अर्बौं रुपैयाँको धान चामलको आयात प्रतिस्थापनमा चैते धान खेती महत्वपूर्ण विकल्प हुनसक्ने विज्ञको तर्क छ।

यही सोचअनुसार सरकारले चैते धान खेती प्रवर्द्धन गरी दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुने लक्ष्य राखेको छ तर उत्पादन बढाउने गरी कार्यक्रम ल्याएको सरकारको खरिदबिक्री व्यवस्थापन कमजोर देखिएको छ, जसका कारण किसान मारमा परेका छन्

हौसिएर चैते धान लगाएका किसान यसपटक पटक्कै खुसी छैनन्। गत वर्षभन्दा धेरै धान फलाएका किसान नबिकेर, बिके पनि उचित मूल्य नपाउँदा लगानीसमेत नउठ्ने भएपछि चिन्तित छन्। चैते धानको उत्पादन बढ्दा पनि मागमा आएको कमीले मूल्य घटेको छ।

गत वर्ष बजारको मागअनुसार चैते धान आपूर्ति हुन सकेको थिएन। त्यसबेला राम्रो आम्दानी गरेका किसानले यस वर्ष दोब्बर धान फलाए तर भण्डारण र बिक्रीवितरणमा समस्या आएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरू बताउँछन्।



सरकारले आर्थिक वर्ष २०८१।८२ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको प्रति क्विन्टल २ हजार ८ सय रुपैयाँ ६९ पैसा न्यूनतम समर्थन मूल्य तोकेको छ। यसैगरी १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रति क्विन्टल १ हजार २ सय ग्रामका दरले तौल घटाई कायम हुन आउने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम गर्ने भनिएको छ।

यसअघि आर्थिक वर्ष २०८०।८१ का लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य २ हजार ७०७ रुपैयाँ २८ पैसा तोकिएको थियो।

बाली लगाउनुअघि नै मूल्य तोक्ने गरिन्छ तर किसानले न्यूनतम मूल्यभन्दा निकै कममा पनि धान बेच्न नसकिएको गुनासो गरेका छन्। प्रतिक्विन्टल १ हजार ८०० रुपैयाँमा समेत धान विक्री नभएको उनीहरुले बताएका छन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. हरिबहादुर के.सी मूल्यका कारण धानको बजारीकरणमा समस्या देखिएको बताउँछन्। भारतीय धान भित्रिएका कारण पनि यहाँको धान नबिकेको आशंका अधिकारीहरूले गरेका छन्।

भारतले धानको बफर स्टक रिलिज गरेपछि सस्तोमा किनेर व्यापारीले ल्याउने गरेको पाइन्छ। कानूनी रूपमा ल्याउन नमिल्ने भए पनि खुला सिमानाका कारण अवैध रूपमा नेपालमा भित्रिने त्यस्ता सस्तो धानले गर्दा यहाँको धानले मूल्य नपाउने गरेका पाइन्छ। व्यापारीले भारतबाट सस्तो धान ल्याएर भण्डारण गर्दा मूल्य घटेको र आयात पनि बढेको हुनसक्ने अनुमान गरिएको योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुख डा. केसीले बताए।

मन्त्रालयका अर्का सहसचिव एवं कृषि विकास महाशाखा प्रमुख डा. रामकृष्ण श्रेष्ठ चैते धानको बजारीकरणमा देखिएको समस्याबारे अध्ययन गरी समाधानको उपाय खोज्न मन्त्रालयले एउटा टोली बनाएर छलफल अगाडि बढाएको बताउँछन्।

'पोहर साल किसानले चैते धानको राम्रो मूल्य पाएका थिए, एक वर्षको कुरा मात्र होइन, यसको दीर्घकालीन खोज्नुपर्छ', डा. श्रेष्ठले भने । नेपालको कृषिलाई भारतको नीतिसँग जोडेर हेर्नुपर्छ भन्दै उनले भारतमा उत्पादन लागत कम हुने हुँदा त्यहाँको उपज यहाँ आउँदा यताको बजार घट्ने गरेको र अहिले पनि त्यही भएको देखिएको बताए।

वरिष्ठ माटो विज्ञ बलराम रिजाल सरकार आफैंले किसानको धान उत्पादन गर्ने क्षमता बढाउनुपर्नेमा जोड दिन्छन्।

'खाद्य तथा व्यापार कम्पनीले एकदमै थोरै मात्र खरिद गर्‍यो, त्यसमा पनि चैते धान अझै खरिद हुन सकेको छैन', रिजालले भने 'चैते धानको बजारीकरणको समस्या समाधानको उपाय सरकारको माथिल्लो निकाय बाटै हुन जरुरी छ, सरकार आफैंले खाद्य गोदामहरू बनाएर कम्तीमा एक दुई लाख मेट्रिक टन खरिद गर्ने योजना नहुँदासम्म किसान चैते धान खेतीमा उत्साहित हुने आधार छैन।'

धानको प्रवर्द्धनका लागि प्रोत्साहित गर्ने खालका कार्यक्रम, योजना ल्याएर किसानलाई धान खेतीतर्फ आकर्षित गर्नुपर्ने उनी बताउँछन्। राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमका संयोजक एवं वरिष्ठ वैज्ञानिक मथुरा यादव धान चामलको आयातलाई तत्कालै प्रतिस्थापन गर्न नसके पनि चैते धान, हाइब्रिड र मसिना तथा वासना दार जातका धानको खेती बढाउनुपर्नेमा जोड दिन्छन्। उनका अनुसार धानका केही हाइब्रिड जातहरू प्रतिहेक्टर ६ टन सम्म फल्छ।

'किसानको उत्पादन लागत घटाइदिएर किसानलाई फाइदा दिनुपर्छ अनिमात्र उनीहरू धान खेतीमा आकर्षित हुन्छन्' उनले भने, मलखाद, सिँचाइको उचित व्यवस्थापनसँगै धान भित्र्याउने आधुनिक मेसिनको प्रयोगमा किसानलाई प्रोत्साहित गर्न सके चैते धान खेतीमा आकर्षण बढ्छ।'

चैते धानको खेती प्रवर्द्धनसँगै भण्डारण एवं बिक्री वितरणका लागि सरकारले प्रयास गरिरहेको तथापि अझ धेरै गर्न बाँकी रहेको डा. श्रेष्ठले बताए। चैते धान भित्र्याउने बेला वर्षा सुरु हुने भएकाले भिजेर धेरै छिटो बिग्रन सक्छ।

'चैते धानका लागि दीर्घकालीन समाधान भनेको उत्पादनको लागत घटाउने, खाद्य व्यवस्था तथा व्यापार कम्पनीको क्षमता बढाएर ड्रायरको सुविधा, भण्डारणको क्षमता बढाउने र किसानको धान नबिक्ने अवस्था आयो भने न्यूनतम समर्थन मूल्यमा किनिदिने खालको नीति सरकारको छ' सहसचिव डा. श्रेष्ठले भने। तथापि यसमा बजेट जोडिनुका साथै तुरुन्तै संरचनाको व्यवस्था भइहाल्ने अवस्था हुँदैन।

खाद्यले अहिले भएभरका सबै लिन्छौं भन्दा ड्रायरको सुविधा छैन भने भण्डारण क्षमता पनि पुग्दैन। 'त्यसकारण मन्त्रालयले यस विषयलाई गम्भीरपूर्वक लिएर अध्ययन गर्न एउटा कार्यदल बनाइसकेको छ, कार्यदलले अब के गर्नुपर्छ भनेर भन्ला' उनले थपे ।

अर्कोतर्फ क्रमिक रुपमा उत्पादनमा विविधीकरण गर्न जरुरी रहेको डा. श्रेष्ठ बताउँछन्। 'किसानलाई फाइदा, स्वास्थ्य पनि राम्रो बनाउने गरी खाने बानीमा पनि परिवर्तन गर्नुपर्छ। धानको भातको सट्टा मकै, गहुँ, कोदो, चिनो, कागुनो, फापर पनि खानुपर्‍यो, खेती पातीमा रैथाने बालीलाई पनि लगाउनुपर्‍यो' उनले भने।

ठुलो अर्थतन्त्र भएको भारत नजिक रहेको र खुल्ला सिमानाका कारण नेपाली उत्पादनको बजारमा सधैं असर गर्ने गरेको छ। भारतमा धेरै वस्तुमा अनुदान, प्रविधिमा किसानको पहुँच छ, ठूलो स्केलका कारण उसका उत्पादन सस्तो हुन्छ। नेपालले खाद्य बालीमा धेरै अनुदान दिन नसक्दा किसानको उत्पादन लागत धेरै हुने र महँगो पर्छ। यसकारण पनि खाद्यान्नमा भन्सार लगाइदिने विषयमा बहस भइरहेको डा. श्रेष्ठले बताए।

वाणिज्य र पारवहन सन्धिले कृषि उपजमा शून्य भन्सारदर भनेको छ। धान, मकै, गहुँ, तरकारी, दूध, अन्डा जस्ता खाद्यान्नमा भन्सार लगाइदिने विषयमा छलफल समेत चलेको उनले बताए । नेपालले कृषि सुधार शुल्क भनेर ५ देखि ९ प्रतिशतसम्म लगाउने गरेको छ।

'तर त्यो पर्याप्त छैन रोक्नका लागि, किनभने उताको धेरै सस्तो छ, त्यसकारण अब भन्सार लगाउने गरीकन अध्ययन भइरहेको छ, भारत पनि त्यसमा नकारात्मक छैन' सहसचिव श्रेष्ठले भने 'उताबाट आउने उत्पादनमा भन्सार लगाइदियौं भने महँगो हुन्छ, यसले हाम्रा किसानलाई राहत हुन्छ भन्ने उद्देश्यले यसतर्फ पनि काम भइरहेको छ।'

सरकारले आगामी आवको बजेटमार्फत चैते धान खेती प्रवर्द्धन गर्ने घोषणा गरेको छ। सरकारले आर्थिक वर्ष २०८२।८३ को बजेटमा दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुन तराई र भित्री मधेशका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने र यसबाट थप १२ लाख मेट्रिक टन धान उत्पादन हुने अपेक्षा गरेको छ। चैते धान खेतीका लागि सिँचाई पूर्वाधार निर्माण गर्न ३३ करोड रुपैयाँ बजेट समेत विनियोजन गरिएको छ।

मन्त्रालयका सहसचिव डा. के.सी चैते धानका लागि सिँचाइको व्यवस्थासँगै धेरै फल्ने उन्नत जातको विकास, रासायनिक मलको पर्याप्तता, मेसिनरीमा अनुदानका कुरा प्रवर्द्धन कार्यक्रममा जोडिएको बताउँछन्।

सरकारले मिलसँग किसानलाई सिधै जोड्ने र मिलहरूले पहिले नै मूल्य तोकिदिने गरे किसानले मूल्य पाउने गरी कार्य भइरहेको उनले बताए। 'यसैगरी राज्यले न्यूनतम समर्थन मूल्यको कार्यान्वयन गर्नुपर्‍यो, निश्चित मूल्यभन्दा तल जाँदा खरिद गर्ने व्यवस्था छ', उनले भने ' विधिवत् रूपमा हामीसँग सबै व्यवस्था छ, तथापि पूर्वाधार र त्यससँग सम्बन्धित आवश्यक अन्य केही कुराको अभाव मात्र हो।'

सरकार आफैंले पनि खरिदबिक्री क्षमता बढाउनुपर्ने स्वीकार्दै डा. केसीले धेरैजसो मिलमा धान सुकाउने ड्रायरको सुविधा नहुँदा चैते धान किन्न रुचि नदेखिएको पाइएको बताए ।

आव २०७९/८० मा १ लाख ८ हजार ६०७ हेक्टरमा चैते धान लगाइएकामा ५ लाख ४० हजार ३३१ मेट्रिक टन फलेको थियो, जुन प्रतिहेक्टर ४.९८ टन हुन आउँछ।

यसैगरी २०८०।८१ मा १ लाख ४ हजार ७१२ हेक्टर क्षेत्रफलमा चैते धान रोपिएको थियो भने ५ लाख २० हजार ८०८ मेट्रिक टन धान उत्पादन भएको थियो। यो वर्ष चैते धानको उत्पादकत्व प्रतिहेक्टर ४.९७ मेट्रिक टन रहेको छ। वर्षे धान १४ लाख ६४ हजार ३८९ हेक्टरमा लगाइएकोमा ५४ लाख ४७ हजार ४२१ मेट्रिक टन फलेको थियो जसको उत्पादकत्व प्रतिहेक्टर ३.९८ प्रतिशत रह्यो।

चालू आर्थिक वर्ष २०८१।८२ मा १ लाख ९ हेक्टरमा चैते धान लगाइएकोमा ५ लाख ४४ हजार मेट्रिक टन धान फलेको छ।

नेपालमा चैते धानका जातहरू हर्दिनाथ १ (तराई, भित्री मधेश, रिभर बेसिन ८०० मिटरसम्म), हर्दिनाथ ३ र चैते ५, (समुद्री सतहदेखि ७०० मिटर उचाइसम्मको तराई, भित्री मधेश, नदी किनार, बेसी तथा समतल फाँट), चैते २ (तराईको सिँचित भूमि), र चैते ६ (तराई र भित्री मधेस (३०० मिटरसम्मको सिँचित भूमि) का क्षेत्रहरूमा सिफारिस गरिएको छ ।

चैत महिनाभरि चैते धान रोप्ने गरिएको छ। चैतको लामो दिन, आकाशमा बादल नलाग्ने, सूर्यको ताप बढी हुने र सूर्यको किरणको शक्ति हरित कणमार्फत बालीले तान्ने भएकाले असारको तुलनामा चैतमा धेरै उत्पादन हुन्छ। आकाशमा कम बादल र बढी सुक्खा हुने भएकाले रोगको समस्या पनि कम हुन्छ।

किसानले चैते धानको ब्याड फागुन महिनाको दोस्रो सातासम्म राखिसक्छन्। त्यस समयमा भने बाहिर तापक्रम कम हुने भएकाले बेर्ना नउम्रने, उम्रन ढिला हुने र उम्रेको पनि रोग, कीराले चाँडै खाइदिने हुनसक्छ। भित्र्याउने बेलामा पनि मौसमी प्रतिकूलताका कारण समस्या हुने गरेको किसान बताउँछन्।

चैते धान जेठको अन्तिम वा असार मध्यमा काटिने गरिन्छ। किसानले चैते धान असारमा भित्र्याउन भ्याइ/नभ्याइ हुने, पानीले भिजेर अर्को वर्षका लागि बीउका रूपमा प्रयोग गर्न पनि गाह्रो हुने गरेको बताउँछन्।

तथापि, समयमै रोपेर मलखाद र पानी व्यवस्थापन गर्न सके चैते धान बढीभन्दा बढी उत्पादन गर्न सकिने विज्ञ बताउँछन्। सामान्य अवस्थाभन्दा दुई हप्ता छिटो रोपाइँ गर्न सके वर्षा सुरु हुनुअगावै चैते धान भित्र्याउन सकिने र भिजेर हुने नोक्सानीबाट बच्न सकिने विज्ञको भनाइ छ।

## भारतमा बन्धक बनाइएका ५८ नेपाली युवाको उद्धार

झापा। आकर्षक रोजगारीको प्रलोभनमा पारेर भारत पुराएर बन्धक बनाइएका ५८ नेपाली युवाको बुधवार उद्धार गरी ल्याइएको छ ।

भारतको उत्तराखण्ड राज्य उधमसिंह नगर जिल्लाको रुद्रपुरमा ३२ जना र काशीपुरमा ३५ जना गरी ५८ जना बन्ध बनाइएका युवाहरुको उद्धार गरी नागरिक संस्था किन नेपाल/किन इण्डिया, भारतस्थित नेपाली दूतावास, नेपाल प्रहरी र भारतीय प्रहरीको सहयोगमा युवाको उद्धार गरी पश्चिमी सीमा नाका गड्डाचौकी हुँदै नेपाल ल्याइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी




नायब उपरीक्षक सागर बोहराले बताए ।

रुद्रपुर र कासिपुरमा रोजगारी दिने भनेर लगिएका युवालाई घर घरमा राखेर बन्धक बनाइएको थाहा पाएपछि भारतस्थित नेपाली दूतावासको सहयोगमा विभिन्न संघ संस्था र प्रहरीले उद्धार गरेको उनले बताए।

उद्धार गरेका युवालाई बसमार्फत सीमा नाका गड्डाचौकी पुर्‍याइएको थियो । रोजगारी दिने भनेर लग्ने व्यक्तिको खोजी कार्यसँगै आवश्यक अनुसन्धानको कार्य भइरहेको प्रहरी नायब उपरीक्षक बोहराले बताए ।

सीमा नाकामा उद्धार गरेर ल्याइएका युवालाई कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल र सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख (डिआइजी) डम्बरबहादुर विश्वकर्माले स्वागत गरेका थिए ।सुदूरपश्चिमका युवालाई बुधवार नै घर जाने व्यवस्था मिलाइएको छ भने अन्य जिल्लाका युवालाई बस्नका लागि प्रबन्ध गरिएको छ ।

उद्धार गरिएका युवामा सुदूरपश्चिमको कैलाली, डोटीका गरी ११ जना रहेका छन् भने अन्य चितवन, सुनसरी, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, दाङ, बाँके, स्याङजा, धादिङ, कास्की, सर्लाही, रुकुम बागलुङ, इलाम, रुपन्देहीका गरी ४६ जना रहेका छन् ।

# इटहरीको बजेट गत वर्षभन्दा एक अर्ब कम

सुनसरी । इटहरी उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि २ अर्ब ५५ करोड २१ लाखको अनुमानित बजेट पेस गरेको छ ।

नगर उपप्रमुख संगीताकुमारी चौधरीले मंगलबार सुरु १६ औं नगरसभामा गत वर्षभन्दा एक अर्ब कमको अनुमानित बजेट प्रस्तुत गरेकी हुन् । चालु आर्थिक वर्षका लागि गत वर्ष उपमहानगरले ३ अर्ब ५७ करोड ८३ लाख ५० हजार रुपैयाँको बजेट विनियोजन भएको थियो ।

नगरसभामा प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित बजेटमा संघीय समानीकरण अनुदान २८ करोड ३० लाख, संघीय ससर्त अनुदान चालु खर्च तर्फ ४७ करोड १६ लाख, संघीय ससर्त अनुदान पुँजीगत खर्चतर्फ ४३ करोड २० लाख संघीय समपूरक अनुदान १ करोड ३६ लाख, संघीय विशेष अनुदान १ करोड ४२ लाख, प्रदेश समानीकरण अनुदान २ करोड ७५ लाख ६६ हजार, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ ७८ लाख ५ हजार, प्रदेश ससर्त अनुदान पुँजीगत खर्चतर्फ १ करोड २९ लाख २५ हजार, संघीय राजश्व बाँडफाँड १९ करोड २५ लाख १० हजार ७ सय ५९ रुपैयाँ, प्रदेश राजश्व बाँडफाँड (सवारी कर) २ करोड १ लाख ७३ हजार, प्रदेश राजश्व बाँडफाँड (मालपोत रजिष्ट्रेसन) ४० करोड, आन्तरिक स्रोतबाट ५८ करोड, र नगद मौज्दात परिवर्तनबाट ९ करोड ६७ लाख २० हजार २ सय ४१ रुपैयाँ गरी कुल जम्मा २ अर्ब ५५ करोड २१ लाखको अनुमानित बजेट पेश गरिएको हो ।

आगामी आर्थिक वर्ष स्थानीय जनताको माग बमोजिम भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखिएको उपप्रमुख चौधरीले जानकारी दिइन् । जसमा संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी इटहरी उपमहानगरपालिकाको बाहिरी चक्रपथको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

यस्तै, इटहरीको सर्वाङ्गीण विकासका लागि गुरुयोजना तयार गरिने मुख्य योजनाममा समेटिएको छ । बजेटमा इटहरीलाई सुन्दर सहर बनाउन सौन्दर्यकरणका लागि सडक निर्माणसँगै सडक क्षेत्राधिकार भित्र पर्ने आवश्यक स्थानमा रोड फर्निचर लगाउने, पैदलयात्रीको सहजताका लागि कोशी राजमार्ग दुईवटा आकाशे पुल निर्माण गर्न बजेट छुट्याइएको छ । विश्व बैंकसँगको सहयोगमा इटहरीमा मुख्य समस्याको रुपमा रहेको बाढी तथा डुबान समस्या दीर्घकालीन रुपमा समाधानका लागि नमूना कार्यक्रमका रुपमा आएका प्रकृतिमा आधारित मोडेलबाट बाढी नियन्त्रण गर्ने कार्यको सम्भाव्यता चालु आर्थिक वर्षमा भइसकेकोमा आगामी वर्ष कार्यान्वयनमा ल्याइने भएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।